# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा.परिपत्र संख्या : ९/२०७५-७६** **मितिः २०७५/०६/१८**

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरू, इजाजतपत्र प्राप्त "क" र "ख" वर्गका बैंक/वित्तीय संस्थाहरू तथा अन्य इजाजतपत्रप्राप्त संस्थाहरु

**विषय : एकीकृत परिपत्र - २०७४ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरुलाई जारी गरिएको एकिकृत परिपत्र-२०७४ अन्तर्गत ई.प्रा. परिपत्रः ०३/२०७४ अन्तर्गत सुन आयात तथा विक्री वितरणका लागि जारी "सुन आयात तथा विक्री वितरण कार्यविधि, २०६८ " मा देहाय बमोजिम संशोधन तथा थप गरिएको हुँदा सोही वमोजिम गर्नु/गराउन हुन विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत अन्य कार्यालय र इजाजतपत्रप्राप्त "क" वर्गका बैंकहरुलाई यो परिपत्र जारी गरिएको छ ।

१. एकीकृत इ.प्रा. परिपत्र, २०७४ को ई.प्रा. परिपत्र ०३/२०७४ अन्तर्गत सुन आयात तथा विक्री वितरण कार्यविधि, २०६८ को बुँदा ४ को (क) को विद्यमान वाक्यांश पछि देहायबमोजिम थप गरिएको छ ।

   तर हाललाई २०७५ मंसिर मसान्तसम्मको लागि दैनिक २५ (पच्चीस) किलोग्राम कायम गरिएको छ ।

२. एकीकृत इ.प्रा. परिपत्र, २०७४ को ई.प्रा. परिपत्र ०३/२०७४ अन्तर्गत सुन आयात तथा विक्री वितरण कार्यविधि, २०६८ को बुँदा ४ को (ग) को विद्यमान वाक्यांशको सट्टामा "१००, २०० र ५०० ग्रामसम्मका परिमाणमा सुन आयात गरी विक्री वितरण गर्नुपर्नेछ" भन्ने वाक्यांश कायम गरिएको छ ।

३. एकीकृत इ.प्रा. परिपत्र, २०७४ को ई.प्रा. परिपत्र ०३/२०७४ अन्तर्गत सुन आयात तथा विक्री वितरण कार्यविधि, २०६८ को बुँदा १० मा रहेको आयात गरिएको सुन तोकिएको क्षेत्रमा विक्री हुने व्यवस्था मिलाउनु पर्ने : अन्तर्गतको अन्य वाक्यांश यथावत नै राखी तालिकामा देहायबमोजिम संशोधन/परिमार्जन गरिएको छ ।

| **क्षेत्र** | **विक्री/वितरण गर्नुपर्ने परिमाण (प्रतिशतमा)** |
|---|---|
| साविक बाग्मती अञ्चलका काठमाडौं, ललितपुर, भक्तपुर, धादिङ्ग, रसुवा, नुवाकोट, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक गरी ८ जिल्ला | ५० (पचास) |
| साविक बाग्मती अञ्चलका ८ जिल्ला (काठमाडौं, ललितपुर, भक्तपुर, धादिङ्ग, रसुवा, नुवाकोट, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक) बाहेकका अन्य सबै जिल्लाहरुमा | ५० (पचास) |

भवदीय

(भिष्मराज ढुंगाना)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय
२. श्री डेपुटी गभर्नरको कार्यालय
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा
४. श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
५. श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
६. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग
७. श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग
८. श्री नेपाल सरकार, भन्सार विभाग
९. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग
१०. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग
११. श्री नेपाल राष्ट्र बैंक, विकास वैंक सुपरिवेक्षण विभाग
१२. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग
१३. श्री नेपाल वैंकर्स संघ
१४. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन
१५. श्री नेपाल उद्योग वाणिज्य महासंघ
१६. श्री नेपाल उद्योग परिसंघ